

# अध्याय -3

## अनन्तको सुसमाचार

**यस अध्यायको मूल सार पदः** प्रकाश १४:६-१२; १ कोरन्थी १५:१-४; रोमी ३:२४-२६; १ पत्रुस १:१८-२०; मत्ती २८:१९,२० र प्रेरित १:८।



**यस अध्यायको मूल सार पदः "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।" प्रकाश १४:६।**

पौराणिक इस्राएलीहरूको वरिपरि रहेका देशहरूले दाउरा र पत्थरका देवीदेवताहरूलाई पूजा गर्दथे। सबै छिमेकी राष्ट्रहरूभन्दा छुट्टै पहिचान बोकेका इस्राएलीहरूले परमेश्वरको बारेमा छुट्टै घोषणा यसरी गरिएको थियो, "हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ।" व्यवस्था ६:४। यो मानौं मन्त्र जस्तो जसलाई शेमा **Shema** भनिन्छ शताब्दीयौंदेखि यहूदीहरूले यो उच्चारण गरिरहेका छन्। यो शेमाको अर्थ प्रार्थना हो जुन हिब्रू भाषाको "सुन" भन्ने शब्दबाट आएको हो। यसले इस्राएलीहरूलाई एकत्रित पार्ने आत्मिक प्रतिवद्धता हो। यसले केवल एक सत्य

परमेश्वरको उपासना गर्ने भनेर विशेष जनसमूह भनेर चिनाइएको थियो। यही शेमाको आधारमा तिनीहरू एक जाति भएर बस्ने बल मिलेको थियो।

सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति प्रकाश १४का तीन स्वर्गदूतहरूको सन्देश हाम्रो शेमा हो। यसले हाम्रो विश्वासलाई पहिचान दिन्छ। हामी एडेभेन्टिस्ट भएकोले हामी को हौं भनेर चिनारी दिन्छ र यस संसारमा हाम्रो लक्ष्य के हो सो पनि निर्धारण गर्दछ। संक्षिप्तमा भन्ने हो भने हाम्रो विशेष भविष्यवाणीको पहिचानको रूपरेखा प्रकाश १४:६-१२ छ, र संसारमा सुसमाचार सुनाउने जोश यहाँ नै हामी पाउँछौ।

यस अध्यायमा हामी प्रकाश १४:६-१२ विस्तृतरूपमा अध्ययन गर्नेछौं। तर अनुग्रहको आँखाले हेर्दै र हाम्रा हृदयहरूमा परमेश्वरको आवाज सुन्दै अध्ययन गर्नेछौं।

## १. अनुग्रहले भरिएको आशाको पुस्तक

जब बाइबलको अन्तिम पुस्तक प्रकाशको बारेमा मानिसहरूले सोच्छन् यसमा परमेश्वरको अनुग्रहको सन्देश छ भनेर सोच्दैनन्। जब प्रकाशको पुस्तकमा दिएको परमेश्वरको अन्तिम दिनको सन्देशक बारेमा मानिसहरू सोच्छन् तब त्यहाँ भएक डरलाग्दा पशुहरू, रहस्यमय प्रतिकहरू र अनौठो प्रतिमा वा रूपहरूको बारेमा सोच्दछन्। प्रकाशको पुस्तकमा धेरै आश्वासनहरूको सन्देश भएतापनि त्यसमा उल्लेख गरेका विभिन्न पशु आदिहरूले गर्दा मानिसहरूलाई तर्साउँछन्। यो दुर्भाग्यको कुरो हो। तर यस पुस्तकमा अनुग्रह र आशाले पनि तन्न भरिएको छ। अर्थात् विभिन्न तर्साउने पशु र सतावटका चेतावनीहरू र आउनेवाला कठिन समयको बारेमा वर्णन गरिएतापनि, परमेश्वरले दिनुहुने मुक्तिको कारण हामी खुशी हुनुपर्ने कारणहरू औँल्याएका छन्।

**प्रकाश १:१-३ र १४:६ पढ्नुहोस्। यसमा केवल प्रकाशको पुस्तकको बारेमामात्र होइन "अनन्तको सुसमाचार"को बारेमा पनि उल्लेख गरिएको छ भनेर हामीलाई कसरी बताउँछन्? हेर्नुहोस्, "१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो। २ यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए। ३ त्यो धन्य हो,**

**जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ।" प्रकाश १:१-३ र "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।" प्रकाश १४:६।**

वास्तविकरूपमा भन्ने हो भन् प्रकाशको पुस्तक सबै येशूको बारेमा हो। यो उहाँको सन्देश उहाँका जनहरूको निम्ति हो। उहाँको सन्देश विशेष गरेर उहाँको अन्ति दिनको चर्चलाई लागु हुन्छ। हाम्रो अन्तिम समयलाई चाहिने आशा दिन यस पुस्तकमा अनुग्रहले भरिएको सन्देश छ। किताबभरी येशूलाई मारिएको थुमा भनेर वर्णन गरिएको छ, र जसले यो पुस्तक पढ्छ, बुझ्छ र यसमा भएका सत्यहरू अनुसार चल्दछ त्यसलाई आशिष दिइनेछ भनेर लेखिएको छ।

येशू को हुनुहुन्छ भनेर प्रकाश १:५,६मा यसरी वर्णन गरिएको छ, "विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेले हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन।" येशू ख्रीष्टमा हामी क्षमा पाएका जनहरू हौं। अनुग्रहले हाम्रा बिगतका पापहरूलाई क्षमा दिइन्छ, वर्तमान जीवनमा उहाँले शक्तिसम्पन्न गराउनुहुन्छ र भविष्यको निम्ति हामीलाई आशा उपलब्ध गराउँछ। पाप र अपराधको दण्ड र शक्तिबाट मुक्त गरि ख्रीष्टले हामीलाई उद्धार गर्नुभएको छ। यो नै बाइबलको अन्तिम पुस्तक प्रकाशको सन्देश हो। र यो अत्यन्तै जरुरी सन्देश हो। पहिलो स्वर्गदूत आकाशमा उडेर यो अनन्तको सुसमाचार सारा संसारको निम्ति दिएको थियो।

सुसमाचार? ख्रीष्टमाथिको विश्वासद्वारामात्रै मुक्ति? हाम्रो निम्ति येशू मर्नुभएर पापको क्षमा पायौं रे? अनि हामीले के गरेको भरमा होइन न त के गर्न सक्यो भन्ने भरमा होइन तर ख्रीष्टले के गर्नुभयो त्यसको भरमा हामीले अनन्त जीवन पाउँछौं भन्ने प्रतिज्ञा? ती सबै थोकहरू ती स्वर्गदूतहरूका सन्देशहरू हुन् र? ठ्याक्कै हो!

त्यसैकारण, ती सन्देशहरू यस टुटिएको, फुटिएको र कष्ट पाइरहेको संसारको निम्ति आशा र अनुग्रहले भरिएको सन्देशहरू हुन् भन्दा हामी चकित हुनुपर्नुपर्दैन।

**प्रकाशको पुस्तकमा उल्लेख गरिएका विभिन्न पशुहरू र चेतावनीहरूमा हाम्रो ध्यान जानु सजिलो छ, तैपनि प्रकाशको पुस्तकमा दिइएको हाम्रो निम्ति अत्यन्तै महत्त्वपूर्ण सन्देशसँग कसरी संतुलनमा राख्ने, जुन कि ख्रीष्टले आफूलाई त्याग गरेर हाम्रो निम्ति बलि हुनुभयो भन्ने हो?**

## २. "अनन्तको सुसमाचार"

प्रकाश १४:६मा तीन स्वर्गदूतहरूको सन्देशहरूको सुरुमा "अनन्त" वा "कहिल्यै नाश नहुने" सुसमाचार भनेर उल्लेख गरिएको छ। यदि हामीले सुसमाचारको गहिऱ्याइलाई बुझ्न असफल भयौं भने तीन स्वर्गदूतका सन्देशहरूको मूख्य सन्देशको पूरै अर्थ नै हामी गुमाइरहेका हुन्छौं। परमेश्वरको न्यायको घडीको सन्देशको विषयबस्तु वा बेबिलोनको पतन वा पशुको छाप बुझ्न हामी असमर्थ हुनेछौं यदि हामीले सुसमाचारलाई बुझ्न सकेनौं भने।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा अनन्तको सुसमाचारको बारेमा कसरी प्रस्तुत गरिएको छ? तिनीहरूमा हामीलाई कस्तो महान् आशा प्रस्तुत गरएको छ? हेर्नुहोस्, "१ भाइ हो, मैले तिमीहरूलाई प्रचार गरेको सुसमाचार म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरूले ग्रहण गऱ्यौ, र जसमा तिमीहरू स्थिर रहन्छौ। २ यस सुसमाचारद्वारा तिमीहरूको उद्धार भएको छ, यदि त्यसमा तिमीहरू अटल रह्यौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गऱ्यौ। ३ किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। ५ उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। ६ त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्। ७ त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। ८ सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो।"१ कोरिन्थी १५:१-८; "२३**

**किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।" रोमी ३:२३-२६ र "६ किनकि हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। ७ धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। ८ तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।" रोमी ५:६-८।**

हाम्रा पापहरूको निम्ति येशू मर्नुभएको, उहाँको महिमित पुनरुत्थान र हामीसँग उहाँ जहिले पनि प्रेमिलो उपस्थिति र हाम्रो हितप्रति उहाँले चासो राख्ने सन्दैश विश्वासै गर्न नसकिने सुसमाचार हो। हाम्रो निम्ति उहाँले रगत बगाउनुभयो, उहाँको पुनरुत्थानको शक्ति र पापको दण्ड र शक्तिबाट उहाँले हामीलाई मुक्त गर्नुभयो भनेर हामी विश्वासद्वारा ग्रहण गर्दछौं। पावलको सबै सोचबिचारमा येशू सोचिनुभएको थियो र उनको शिक्षा र प्रचारको केन्द्रविन्दु येशू हुनुहुन्थ्यो। क्रूसमा टाँगिनुभएको येशूले उनको विगतको पाप र दोषबाट मुक्त गर्नुभएको थियो। उनको तत्कालिन बर्तमान जीवनमा सबै दुःख, कष्ट र सतावटलाई भोग्न ख्रीष्टले उनलाई शक्ति दिनुभएको थियो, र येशूको आगमनको बारेमा गरिएको प्रतिज्ञ उनको निम्ति भविष्यको आशा थियो।

रोमीमा चार बुँदाहरू उनले उल्लेख गरेका हेर्नुहोस्, (१) हामी अनुग्रहबाट सित्तैंमा निर्दोष ठहरिएका छौं (२) अनुग्रहले परमेश्वरको धार्मिकताको घोषणा गर्दछ (३) जसले येशूलाई विश्वासद्वारा ग्रहण गर्छ उसलाई अनुग्रहले नै निर्दोष ठहऱ्याउँछ (४) हामी पापी, खराब, अधर्मी र दुष्ट छँदै परमेश्वरले उहाँको प्रेम देखाउनुभएको थियो।

ख्रीष्टले हामीलाई दिनुहुने अनुग्रह हाम्रो कुनै पुनित वा धर्मकर्मबाट पाउने होइन, त्यो पाउनु हामी अयोग्य छौं न त हामी आर्जनन् गर्न सक्छौं।

पापमै डुब्न चाहने पापीहरूको निम्ति स्वइच्छाले येशू पीडादायी, कष्टकर मृत्यु सहनुभयो। पापीहरूले भोग्नुपर्ने दुःखकष्ट उहाँले भोग्नुभएको थियो। पापको खिलाफमा पिताको पूर्ण क्रोध वा न्याय येशूले अनुभव गर्नुभएको थियो। उहाँलाई मानिसहरूले तिरस्कार गरे ताकि परमेश्वरले हामीलाई स्वीकार गर्न सकुन्। हामी मर्नुपर्ने मृत्यु उहाँ मर्नुभयो, ताकि उहाँको जीवन हामी बिताउन सकौं।

मुक्ति भनेको विश्वासद्वारामात्र हो र कुनै पनि व्यवस्था वा धार्मिकविधिविधान वा परम्परा आदिहरू पालन गरे पाउँदैन भन्ने कुरामा के हामी अचम्म मान्नु हुँदैन र? त्यो भन्दा बढि उहाँले के थप्न सक्नुहुन्छ र? हामीले जुनसुकै असल नियतले धर्मकर्म आदि गरेतापनि हामीले अनन्त जीवन आर्जन गर्न सक्दैनौ। हामीले जुन असल नियतले काम गरेतापनि, जसमा पवित्र आत्माले भरेतापनि क्रूसमा येशूले के गर्नुभयो त्यसमा कसैले केही थप्न सकिन्छ र?

अचम्मको कुरो त यो छ, यो मुक्तिको योजना समयको सुरु हुनुभन्दा अघि, संसार सृष्टि गर्नुभन्दा अघि, सैतानले विद्रोह गरेर यस पृथ्वीमा झर्नुभन्दा अघि, आदम र हव्वाले पाप गर्नुभन्दा अघि यो मुक्तिको योजना तर्जुमा गरिएको थियो (२ तिमोथी १:९, तीतस १:२, एफिसी १:४)। त्यसैले गर्दा यो सुसमाचार अनन्तको भनेर हामीलाई बुझाउन मद्दत गर्दछ। संसार सृष्टि गर्नुभन्दा पहिले परमेश्वरलाई थाहा थियो कि यस जगतमा के हुनेछ, त्यसैकारण उहाँले मुक्तिको योजना स्थापना गर्नुभएको थियो ताकि जब संकट आउँछ वा आउनेछ त्यसको सामना गर्न सकियोस्।

## ३. अनुग्रहको कथा

तीन स्वर्गदूतहरूको सन्देश यथार्थमा अनुग्रहको कथा हो। मुक्तिदाताको अपार प्रेम ती सन्देशहरूमा बुनिएको छ। येशूको त्यो यस्तो प्रेमको कथा हो कि हामीले अनन्त जीवन नगुमाऔंभनेर उहाँ आफूले नर्कको अनुभव गर्नुभएको थियो। ती अनुग्रहको कथा असिमित, मानिसको दिमागमै चढ्न नसक्ने, बुझ्नै नसक्ने कहिल्यै अन्त नहुने प्रेम हो।

परमेश्वर कहिल्यै पनि छक्क पर्नुहुन्न। उहाँ मानिसको छटपटिने वा परिवर्तन हुने निर्णयहरूले छुँदैन। हामीले हेर्‍यौं कि हामीलाई पापबाट उद्धार

गर्ने योजना पापको भयानक शिर उठाएपछि बनाउन वाध्य भएको होइन। पापको नराम्रो नाटकबाट उहाँ अचम्भित हुनुभएको थिएन।

**मुक्तिको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँछ? हेर्नुहोस्, "पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।" प्रकाश १३:८ र १७ पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौं भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। १८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो खीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले खीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्।" १ पत्रुस १:१७-२१।**

प्रकाश १४:६मा उल्लेखित अनन्तको सुसमाचार भन्ने वाक्यले विगतको, बर्तमान र भविष्यको बारेमा बोल्दछ। जब परमेश्वरले मानिसलाई नैतिक निर्णय गर्ने क्षमता दिएर सृष्टि गर्नुभयो तब मानिसहरूले गलत निर्णयहरू गर्नेछन् भन्ने उहाँले अपेक्षा गर्नु भएको थियो। जब मानिसहरूले आत्मनिर्णयको स्वतन्त्रता दिएको थियो तब तिनीहरूले परमेश्वरको प्रिय स्वभावको बिरुद्धमा जानसक्ने क्षमता दिएको थियो। यदि उहाँले ब्रम्हाण्डले नियन्त्रण गर्ने यान्त्रीक मानव बनाउनुभयो भनेमात्र मानिसहरूले स्वविवेकको निर्णय गर्ने क्षमता हुँदैनथ्यो। जबरजस्ती निष्ठाको माग गर्नु परमेश्वरको स्वभावको विरुद्धमा छ। प्रेम गर्न निर्णय चाहिन्छ। जब आत्मनिर्णयको स्वतन्त्रता दिइयो तब गलत निर्णय गर्ने संभाव्यता पनि थियो। त्यसकारण हाम्रो पहिला पूर्खाहरूले अदनको बगैंचामा विद्रोह गर्नुभन्दा अघि ने मुक्तिको योजना परमेश्वरको दिमागमा उब्जिसकेको थियो।

"मुक्तिको योजना पछि सोचिएको थिएन न त आदमको पतनपछि बनाइएको थियो। यो " त्यस रहस्यको प्रकाश थियो जुन युग-युगदेखि गुप्त रहेको थियो।" रोमी १६:२५। यो उघारिएका नीतिहरू थियो जुन युगौं

युगदेखि वा परमेश्वरको सिंहासनको जग बसालिएदेखिनै थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. २२बाट रूपान्तरित।

"अनन्तको सुसमाचार" केवल विगत र वर्तमानमात्र होइन तर भविष्यको आशाको पनि आधार हो। यसले त्यस परमेश्वरसँग सदासदा हामी रहेको चाहनुहुन्छ, जो हामीसँग सधैं रहोस् भनेर आफ्नो हृदय दुखाइरहनुहुन्छ।

**एफिसी १:४ मा भनिएको छ "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।" तपाईंले मुक्ति पाउनु भनेर संसारको उत्पत्तिभन्दा अघि नै ख्रीष्टले तपाईंलाई चुन्नुभएको थियो, त्यसको अर्थ के होला? यो सत्य किन हौशलाप्रद छ?**

## ४. सारा संसारमा

**प्रकाश १४:६ फेरि पढ्नुहोस्। अनन्तको सुसमाचारको बिस्तार कहाँ सम्म छ? यसको जवाफले हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको लक्ष्यलाई बुझाउन किन महत्त्वपूर्ण छ? "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड्रिरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।"**

अन्तको समयको निम्ति जरुरी सन्देश तीन स्वर्गदूतहरूले दिएकोमा पहिलो स्वर्गदूतले दिएको अनन्तको सुसमाचार संसारका प्रत्येक राष्ट्, कुल वा जाति, भाषा र मानिसलाई सुन्नै पर्दछ। यहाँ हाम्रो लक्ष्य महान्, फराकिलो, ठूलो र संक्षेप्तमा छ कि हामी सबैले सजिलैसँग बुझ्न सक्दछौं। यो लक्ष्य पूरा गर्न हाम्रो उत्तम प्रयास र हामी पूरा समर्पितको माग गर्दछ। यसले गर्दा हामी यस संसारकै कामबाट अलमलिने चाहनाबाट येशूको सेवा गर्न मोहित हुन लगाउँछ। हाम्रो साँघुरो जीवनभन्दा फराकिलोतर्फ अगुवाइ गर्दछ। हाम्रो दिमाग केवल हाम्रो सानो संसारमामात्र डुवाउने नभएर परमेश्वरले तर्जुमा गर्नुभएको महान् परिकल्पनातिर अग्रसर गराउँछ।

**मत्ती २८:१९,२० पढ्नुहोस्। धेरै वर्षपछि यूहन्नाले देखेका र सुनेका पहिलो स्वर्गदूतको सन्देश येशूकै हो भनेर कसरी पुष्टि गर्दछ? हेर्नुहोस्" यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"**

पावल देभिदले आफ्नो पुस्तक *अ क्वेस्ट फर मोरः लिभिङ्ग फर समथिङ्ग बिगर दान यु*मा प्रत्येक मानिसको मनोवैज्ञानिक भावानको बारेमा व्याख्या गर्दै लेखेका थिए, "मानव प्राणी  आफ्नो जीवनभन्दा ठूलोको भाग हुन सृष्टि गरिएको थियो। पापले गर्दा नै हामीलाई खुम्च्याएर अहिलेको अवस्थामा हामीलाई पुऱ्याएको छ। खीष्टको अनुभवले हाम्रो आफ्नै राज्यमा उकुसमुकुस भएर खुम्चिएर बस्नेबाट स्वतन्त्र पार्नुभएको छ ताकि परमेश्वरको राज्यको आनन्दको उपभोग गर्न उहाँको अनन्त लक्ष्यहरू र उहाँलाई संतुष्ट पार्न हामी अघि सर्न सकौं।" बी एण्ड बी मिडिया ग्रुप, https://www.cbn.com/entertainment/books/questformore.aspx?mobile=false&u=1&option=print त्यसको अर्थ हामी केवल यस भौतिक संसारमा भौतिक मानव शरीरको लागिमात्र बाँच्ने होइन, अर्थात् २०,३० र १०० वर्षसम्मा बाँच्नको निम्ति होइन तर त्यो भन्दा अपार जीवनको निम्ति हामी यहाँ जन्मिएका हौं।

परमेश्वरको अभियानको भाग हुनु जस्तो प्रेरणादायी, सत्य आनन्द र इनाम पाउने अरू केही पनि छैन। मानिसले कल्पना गर्न सकेको भन्दा ठूलो र महान कार्य सम्पादन गर्न परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको थियो। जुन काम सेभेन्थ-डे एडभेन्टस्ट चर्चलाई प्रकाश १४मा वाख्या गरेको अनुसार प्रचार गर्न निर्देशन दिएको छ त्यो चर्चको निम्ति अत्यन्तै महान् काम हो। येशू खीष्टको आगमनभन्दा पहिले प्रकट गरिएको परमेश्वरको अपार प्रेमप्रति लालायीत भएर हाम्रो जीवन उहाँलाई सुम्पौं भनेर भन्ने हेतुले त्यो आह्वान गरिएको हो।

**तपाईं आफूभन्दा ठूलो काममा सहभागि हुनुभएको अनुभव के छ? यसले हामीले अहिले अध्ययन गरेको विषयलाई कसरी बुझाउँछ? फेरि हाम्रै ब्रम्हाण्डको सृष्टिकर्ताले हामीलाई प्रयोग गर्नुभएर जगतमै अनन्तसम्म असर पार्ने जस्तो महान् काम अरू केही होला?**

## ५. लक्षमा अगाडि बढिरहनु

आआफ्नो दृष्टिकोणहरूलाई मगजमा खेलाएर, गहिरो बाइबल अध्ययन गरेर प्रारम्भिक एडेभन्टिस्टहरूले तीन स्वर्गदूतका सन्देशहरू उल्लेखनीयरूपमा बुझ्न प्रगति गरेका थिए। त्यस युगका र अन्तिम युगका पुस्तालाई जरुरी सन्देश प्रत्येक राष्ट्र, कुल वा जाति, भाषा र मानिसहरूलाई दिनुपर्छ भनेर

परमेश्वरकले तिनीहरूलाई आभास् दिनुभएको थियो। ख्रीष्टको आगमन भन्दा अघि ती सन्देशहरू सुनेर सबै मानिसहरू तयार हुनुपर्छ भन्ने भार ती प्रारम्भिक एडेभेन्टिस्टहरूमा परेको थियो। तीन स्वर्गदूतका सन्देशहरू नै सुरुदेखिका एडभेन्टिस्ट मिसन वा अभियानलाई संचालन गर्ने उर्जा थियो।

१८७४ मा जनरल कन्फरेन्सले युरोपमा पहिलो एडभेन्टिस्ट मिसिनेरी पठाएको थियो। उनको नाउँ जोन आन्ड्रयुज हो। "हामीम सबभन्दा सक्षम् व्यक्ति" भनेर उनको बारेमा एलेन जी ह्वाइटले सम्बोधन गर्नुभएको थियो। आन्ड्रयुज कमसेकमा सातवटा भाषाहरू बोल्थे। उनले नयाँ करारलाई कण्ठ पारेका थिए र उनलाई प्रायजसो सबै पुरानो करारको बारेमा ज्ञान थियो। उनी धुरन्धर विद्वान थिए, र विलक्षण लेखक थिए, प्रभावकारी प्रचारक र सबैसँग प्रतिस्पर्धा गर्न सक्ने थियोलोजियन वा ईश्वरविज्ञानको मूर्धन्य बाइबल शास्त्री थिए।

थोरै विश्वासीहरू भएको ठाउँमा यस खालको मानिसलाई किन पठाए? अपरिचित मिसन क्षेत्रमा यस्तो अत्यन्तै सक्षम् व्यक्ति किन पठाइयो? फेरि आफ्नै देश र घरमा रमाएर बस्नुको सट्टा उनी किन जान राजी भए? केही वर्ष अघि उनकी श्रीमती मरेकि थिइन्। अमेरिकामा रहेको आफ्नो परिवार र साथीहरूलाई छोडेर आफ्ना दुई छोराछोरीहरूसाथ अपरिचित देशमा जहाजबाट जान उनी किन तयार भए त्यो पनि येशूको निम्ति आफ्नो जीवनलाई जोखिममा पारेर?

त्यसको लागि केवल एउटैमात्र कारण छ। येशू छिटै आउनुहुन्छ भन्ने सन्देशलाई उनले विश्वास गरेका थिए र अन्तिम समयको सत्यको सन्देश सबै संसारमा फैलिनुपर्छ भन्ने कुरालाई उनले विश्वास गरेका थिए।

सेभेन्थ-डे एडभेन्टिस्टको इतिहासमा हाम्रा तेजिलो र अत्यन्तै सक्षम् मानिसहरू अन्तिम सुसमाचार सुनाउन संसारभरि यात्रा गरेका थिए। तिनीहरूमा शिक्षकहरू, डाक्टर र स्वास्थकर्मीहरू, किसानीहरू, यान्त्रिक पेशाका मानिसहरू, सिकर्मीहरू र सबै खालका व्यापारीहरू थिए। कोही चर्चका कर्मचारीहरू थिए भने प्रायजसो थिएन। तिनीहरू चर्चको तलब नखाने सर्वसाधारण विश्वासीहरू तर दक्ष जनशक्ति थिए जसले येशूको छिटो आगमनलाई विश्वास गरेका थिए।

**देहायका पदहरूमा के समान सन्देश छ? हेर्नुहोस्, "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति,**

कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।" प्रकाश १४:६; "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" प्रेरित १:८ र "अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" मत्ती २४:१४।

अनन्तको सुसमाचार कुनै भौगोलिक सिमानाभन्दा पनि अपार छ। पृथ्वीको अनकङ्टार क्षेत्रहरूमा यो सुसमाचार पुगिन्छ। प्रत्येक भाषा र संस्कृतिका मानिसहरूकहाँ यो पुगिरहेको छ। विस्तारै सारा संसारमा नै यो ढाक्नेछ। यो कस्तो चकित पार्ने कुरो हो कि हाम्रो सन्देश राष्ट्रसँघले मानेका २३५ देशहरूमध्ये २१० भन्दा बढि देशहरूमा पुगिसकेको छ।

**सुसमाचार सुनाउने काममा तपाईंको भूमिका के छ वा कसरी खेलिरहनुभएको छ? संसारको प्रत्येक देश, भाषा, जाति र मानिसकहाँ तीन स्वर्गदूतका सन्देशहरू पुऱ्याउन मद्दत गर्न तपाईंले के गरिरहनुभएको छ?**

**उपसंहार:**

**थप जानकारी:** हामीभन्दा ठूलो भागमा हामी कसरी भागेदारी हुनसक्छौँ भन्ने तर्कलाई सोच्नुहोस्। हामी यस संसारमा थोरै समयको निम्ति छौँ र केवल धेरै थोरै भएपनि बाँच्न संघर्ष गरिरहेका छौँ। यस संसार भ्रष्ट छ, विग्रिएको र क्षतबिक्षत भएको छ र कतिपल्ट हामी निराशै निराशको भूमिमा छौं। यी कुराहरू कसले अनुभव गरेको छैन होल ? हामी बाँच्न त चाहन्छौँ तर त्यसको अर्थ के हो ? यथार्थमा हामी कोहौँ र ? हाड, छाला र मासुको पोको र एक किलो मगजका मानिस हौँ। हामी ती रासायनीक वा भौतिक तत्वहरूको समिश्रण हो जो कि कुखुरा भन्दा त्यति महत्त्वका छैनौँ।

तर यस सानो पोकोमा मासुको डल्लो भएर बसेको हामी यस जगतमा के छौँ र? तर तपाईंको निम्तिमात्रै बाँच्ने र तपाईंभन्दा ठूलो परिवेशमा नबस्नु भनेको तपाईं आफैलाई ठूलो सहरको एउटा कोठामा थुनिएर बस्नु हो। प्राकृतिक सौन्दर्यताबाट तपाईं टाढा रहेर आफैमा खुम्चिएर बस्नु के रमाइलो छ त ? तर येशूले प्रतिज्ञा गर्नुभएको अनन्त जीवनको घोषणा गरेर तपाईं महान्, बिशाल, महिमित र कहिल्यै पनि नाश नहुने थोकहरूको बीचमा रहनसक्नै अवसरलाई के तपाईं गुमाउन चाहनुहुन्छ ?

"परमेश्वरमा अर्पित पवित्र सेवकहरू तिनीहरूले चम्किलो अनुहारले तेजसाथ एक ठाउँबाट अर्को ठाउँमा स्वर्गको सन्देश लिएर द्रुतरूपमा घोषणा गर्नेछन्। सारा संसारभरी हजारौँ आवाजहरू उठाएर चेतावनीको सन्देश दिइनेछ। अनेकौँ आश्चर्यका कामहरू हुनेछन्, बिरामीहरू निको हुनेछन्, अनेकौँ अचम्मका कामहरू हुनेछन्। मानिसहरूको अगाडि आकाशबाट आगो पनि खसालिनेछ। प्रकाश १३:१३। यसरी संसारमा रहेका प्रत्येक मानव जात कसको पक्षमा उभिने भनेर खडा गराउनेछन्।"- एलेन जी ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृ. ६१२ बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. "तेस्रो स्वर्गदूतको सन्देश विश्वासद्वारा पाइने निर्दोष ठहरिनु होकि भनेर धेरैले मलाई सोधेर लेखेका छन्, र मैले जवाफ दिएँ, "यो यथार्तमा तेस्रो स्वर्गदूतको सन्देश हो।" —एलेन जी ह्वाइट, द आडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड, अप्रिल १, १८९०। विश्वासद्वारा निर्दोष ठहरिनुसँग तीन स्वर्गदूतहरूका सन्देशसँग के सम्बन्ध छ?

आ. "अनन्त सुसमाचार"को बारेमा अझ ध्यान दिनुहोस्। सुसमाचारमा के छ कि जसमा अनन्त छ?

इ धेरै देशहरूमा सेभेन्थ-डे एडभेन्टिस्ट हुनुको अर्थ के हो? परमेश्वरले हाम्रो प्रयासलाई कसरी आशिष दिनुभयो भनेर यसले हामीलाई कसरी बताउँछ? तपाईंको स्थानीय चर्चले सुसमाचार फैलाउन अझ कतिको ठूलो भूमिका खेल्द सक्छ?

## कथा ३

# एयरपोर्टमा पक्राउ

## कार्मेन, स्पेन



अन्तराष्ट्रिय हवाइ उडानमा जानुभन्दा दुई दिन अघि कार्मेनले घुँडा टेकेर आफूलाई रक्षा गर्न प्रार्थना गरेका थिए। किशोर अवस्थाबाट भर्खर युवती हुन पुगेकी कार्मेन वर्षौंसम्म प्रार्थना गरेकी थिइनन्। त्यसबेला उनले प्रार्थना गर्न किन कर भयो सो उनलाई थाहा थिएन। तर उनी चिन्ताग्रष्त थिइन् र आफ्नो मन प्रार्थनाद्वारा परमेश्वरलाई पोखाइन्।

"प्रभु परमेश्वर मलाई रक्षा गर्नुहोस् र मलाई समाल्नुहोस्। मलाई अगुवाइ गर्नुहोस्। जे म गर्दैछु सो वाध्य भएर गर्दैछु। पुलिसले मलाई पक्रन नदिनुहोस्," कार्मेनले प्रार्थना गरिन्।

त्यस रात उनले एउटा सपना देखेकी थिइन्। पुलिसले उनलाई पक्रेर हथकडी लगाएको उनले त्यस सपनामा देखेकी थिइन्। जब उनी व्युँझे त्यो सपना केवल सपनामात्रै हो भनेर आफ्नो दिमागबाट पन्छाइन्।

एकदिन पछि उनी हवाइ जहाजमा चढिन्। उनी ब्राजिलबाट स्पेनको लामो यात्रामा जाँदै थिइन्। १२ घन्टाको लामो यात्रामा उनी थरथर काम्दै थिइन्। उनी त्रसित भएकी थिइन्। एक महिना अघि नै त्यस यात्रामा जान उनी प्रयास गरेकी थिइन् तर त्यो सफल भएको थिएन। उनको आमाले उनलाई धेरै पल्ट सुनाएकी उनले सम्झिन्, "समय भएकै बेलामा तिमी परमेश्वरतिर फर्क।" कार्मेनले १२ घन्टा प्रार्थना गरिरहिन्। "मलाई शान्ति दिनुहोस्। मलाई सुरक्षा गर्नुहोस्। मेरो मनलाई शान्त पार्नुहोस्," उनले प्रार्थना गरिन्। परमेश्वरले उनलाई अगुवाइ गर्न बिन्ति गरिन्।

"हे प्रभु, मेरो जीवनमा तपाईंको इच्छा पूरा होस्। स्पेनको राजधानी माड्रिडमा उनी अवतरण गरिन्। आफ्नो पासपोर्ट अध्यागमन अफिसरलाई दिइन् र बिना रोकटोक त्यहाँबाट निस्किन्। तर जब उनले आफ्नो सुटकेस लिनेबेलामा पुलिसले उनलाई रोक्यो र भने "मेरो पछि लाग।" उनी आफ्नो सुटकेस राखेको कोठामा गइन् र पुलिसले भने उनीसँग केही अवैध सामान छ। "तिमीलाई पक्रने आदेश छ," भनेर उनलाई हथकडी लगाइ दिए।

कार्मेनले आफ्नो सपनालाई याद गरिन्। चुपचाप परमेश्वरसँग क्षमा मागिन्। उनले केही पनि गर्न सकेको थिएन। पुलिसले उनलाई सिधै एयरपोर्टबाट झ्यालखानामा लगे। चार महिनाको मुद्धा पछि उनलाई छ वर्ष थुन्ने फैसला भयो। स्पेनमा उनको कुनै आफन्त थिएन। उनको साथीहरू त्यहाँ थिएन। उनले कसैलाई पनि चिनेको थिएन। उनले आफूलाई सोधिन्, "यो मलाई के भयो? म यहाँ किन छु?" उनको निम्ति त्यो पीडादायक अनुभव थियो। परमेश्वरले उनलाई सजायँ दिनुभएकोले आफू र अरू कैदीहरू झ्यालखानामा थिए भनेर सोचेकी थिइन्। त्यसबेला उनी अन्धकारमा थिइन् र आशा पल्हाएको थिएन।

तब एक दिन कैदी साथीले कार्मेनलाई बाइबल अध्ययन गर्न बोलाइन्। "चर्चबाट राम्रो मानिसहरू हामीलाई भेट्न आइरहेको छ। तिनीहरू हामीलाई बाइबल सिकाउन आउँदैछन्। मसँग आउनुहोस्," कैदी साथीले अनुरोध गरिन्।

कार्मेन बाइबल अध्ययनमा गइन्। त्यहाँ जुलिया र सान्टोसालाई भेटे। तिनीहरू सेभेन्थ-डे एडभेन्टिस्ट चर्चबाट आएका थिए। तिनीहरू दश जना थिए जो कैदखानामा नियमितरूपमा बाइबल सिकाउन आउँथे। एडभेन्टिस्टसँग यो कार्मेनको पहिलो भेट थियो। ती एडभेन्टिस्ट महिलाहरूलाई कार्मेनले मन पराए। तिनीहरूले पनि उनलाई मन पराएको आभास् दिएका थिए। त्यसबेला आफू सुरक्षित भएको महसुस गरिन्। जब तिनीहरू सँगसँगै बाइबल पढे तब उनो जीवनमा परमेश्वरको उपस्थिति भएको अनुभव गरिन्। उनले भजन २३लाई पढ्न धेरै मन पराएकी थिइन्, "परमप्रभु मेरो गोठाला हुनुहुन्छ। मलाई खाँचो परेका सबै थोकहरू पाउनेछु। उहाँले मलाई हरियो घाँसको चौरमा सुताउनुहुन्छ। उहाँले मलाई शान्त तलाउतिर लानु हुन्छ। उहाँले आफ्नै नामको लागि मेरो आत्मामा नयाँ शक्ति दिनुहुन्छ। उहाँ साँच्चै नै असल हुनुहुन्छ भन्ने देखाउनलाई उहाँले मलाई धार्मिकताको बाटोतर्फ डोराउनु हुन्छ। यदि म चिहानभन्दा पनि अन्धकार-खाडी भएर हिंडे पनि, डरले रातभरी पनि तर्साउने छैन। किन? किनभने हे परमप्रभु, तपाईं मसँग हुनुहुन्छ। तपाईंको लाठ्ठी र लौरोले मलाई सान्तवना दिंदछ।" भजन २३:१-४।

आफू एक्लै नभएको उनले महसुस गरिन्। उनमा आशा पल्हाउन थाल्यो। बाइबल अध्ययन गर्न थालेपछि उनको जीवन सुधार्दै जान थाल्यो। सबैले चाहना गरेको काम उनले झ्यालखानमा पाइन्। अनि उनी असल

व्यवहार गरेकोले उनलाई कैदबाट छुटकारा दियो। उनी छ वर्ष झ्यालखानामा रहनुपर्नेमा केवल तीन वर्षमात्र रहिन्।

कार्मेनले सुनाउँछिन्, 'म अहिले छुटेको छ। मेरो जीवनको पुनर्स्थापना भएको छ।। म अहिले विश्वविद्यालयमा अध्ययन गर्दैछु र मेरो जीवन सुचारुरूपले चलिरहेको छ। म जहिले पनि परमेश्वरमा भरोसा राख्दछु किनकि मेरो जीवनमा उहाँ नै पहिलो स्थान पाउनुभएको छ।"

कार्मेन बराबर झ्यालखानामा आउँछिन् र थुनिएका एक जना साथीलाई उत्साह दिन्छिन्। "तपाईंले परमेश्वरलाई जहिले पनि पक्री राख्नुहोस्। उहाँको सामु कुनै थोक पनि असम्भव छैन।" उनले सुनाउँछिन्।

आफू झ्यालखानामा गएकोले कार्मेनले परमेश्वरलाई धन्यवाद दिन्छिन्। १२ घन्टाको उडानमा आफ्नो त्रसित प्रार्थनालाई उहाँले सुन्नुभएको दावी गर्छिन्। उहाँको नजिकमा आफूलाई राख्न उनले गरेको प्रार्थना उहाँले सुन्नुभएको थियो भनेर उनले भन्छिन्।

"मेरा गल्तीहरूदेखि मलाई लाज लाग्छ। तर मेरो कथा अरूहरूको निम्ति पाठ होस् भन्ने म चाहन्छु। जब तपाईंको जीवनमा परमेश्वरको इच्छा पूरा होस् भनेर प्रार्थना गर्नुहुन्छ तब धैर्य भएर पर्खनुहोस् र उहाँले उहाँको समयमा जवाफ दिनुहुन्छ," यस लेखकलाई उनले सुनाइन्।

-आन्ड्र्यु मेचेस्ने